नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :
च. नं. :

# प्रेस विज्ञप्ति

२०७५ चैत्र २७ बुधवार

मिति २०७५ साल चैत्र १७ गते आईतवार साँझ पूर्वी नेपालको बारा, पर्सा लगायतका जिल्लामा आएको भीषण हावाहुरी Tornado भएको प्रारम्भिक अध्ययनले देखाएको व्यहोरा जल तथा मौसम विज्ञान विभागले २०७५ चैत्र २२ गते प्रेस विज्ञप्ति मार्फत जानकारी गराइ सकेको सबैलाई अवगत नै छ।

जल तथा मौसम विज्ञान विभाग र द स्मल अर्थ नेपालको वैज्ञानिक टोलीले सेन्टिनेल भूउपग्रहबाट प्राप्त उच्च रिजोलुसनका तस्बिरको अध्ययन र सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा राखिएका प्रभावित स्थलको तस्विर, भिडियो लगायत सूचनाको अध्ययनबाट विभाग उक्त निष्कर्षमा पुगेको थियो।

उक्त प्रारम्भिक निष्कर्षलाई थप पुष्टि गर्न स्थलगत अध्ययन अनुसन्धानका लागि जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा द स्मल अर्थ नेपाल र एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICIMOD) का वैज्ञानिकहरुको एक टोलीले चैत्र २० देखि २४ गतेसम्म प्रभावित क्षेत्रको स्थलगत अध्ययन भ्रमण गरेर बिभिन्न तथ्यहरु संकलन गरेको थियो। सो स्थलगत अध्ययनका क्रममा टोलीले प्रभावित क्षेत्रको ड्रोन तथा अन्य उच्च प्रविधियुक्त क्यामेराबाट भिडियो तथा तस्विर खिच्नु र स्थानियहरुसँग अन्तर्वाता लिनुका साथै प्रभावित क्षेत्रको सर्वेक्षण समेत गरी सूचना संकलन गरेको थियो। यस टोलीले Tornado पुष्टिको लागि क्षतिको विवरण तथा Tornado को आकार, चौडाई, वेग तथा तिव्रता विश्लेषणका लागी आवश्यक आधारहरुको निरिक्षण गरेको थियो।

स्थलगत सूचनाहरु र अध्ययनको आधारमा विभाग उक्त बिनाशकारी हावाहुरी Tornado नै रहेको निष्कर्षमा पुगेको छ। साथै उक्त Tornado चितवन राष्ट्रिय निकुन्जबाट शुरु भएको देखिन्छ । यस मौसम प्रणालीको विस्तृत प्रतिवेदन अध्ययन अनुसन्धान गरेर केहि समय पछि प्रकासित गरिनेछ ।

जल तथा मौसम विज्ञान विभाग यस अनुसन्धान कार्यमा सहयोग गर्ने द स्मल अर्थ नेपाल, एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र, बारा तथा पर्साको जिल्ला प्रसाशन कार्यालयहरु, स्थलगत अध्ययनमा सहयोग गर्ने बिभिन्न सरकारी निकाय, सूचनाहरु उपलब्ध गराइदिनु हुने सम्पूर्ण व्यक्तिहरु तथा विभागले बिभिन्न समयमा दिएका जानकारीहरुलाई प्रेषित गरी सहयोग गर्नुहुने सम्पूर्ण पत्रकार तथा संचार संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दछ ।

धन्यवाद ।

महानिर्देशक

नागपोखरी, नक्साल, पो.ब.नं. ४०६, काठमाडौं, नेपाल।
फोन नं. : ४४३६२७२, ४४२८५३२, ४४४१०९२, ४४२८२२९, ४४३३५६३
फ्याक्स नं.: ४४२९९१९, ४४२६१३६
इमेल: info@dhm.gov.np
वेबसाइट: www.dhm.gov.np, www.mfd.gov.np
www.hydrology.gov.np